# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (उन्नाइसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०३।२८ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर ६ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख,**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, नयाँ त्यस्तो विषयवस्तु केही छ? केही छ भने राख्नुपर्यो। माननीय सदस्यहरु, अब यो बजेटको अन्तिम अन्तिम तिर आइपुगियो। अब बजेट पास नगर्ने स्थिति बन्न सक्ने सम्भावना बढेर गएको छ। अब त्यसको बिचमा पनि अझै केही विधेयकहरु प्रस्ताव गर्नु पर्ने छ। माननीय सदस्यहरुले उठाएको जो माग छ त्यो बजेटको विषयमा मेरो तर्फबाट मैले सरकारलाई निरन्तर रूलिङ गरिराखेको छु। तपाईंहरुले यो बिचमा भएको खर्च पेश गर्नुस् भनेर उहाँहरुको माग के छ भन्देखुन कमसेकम सरकारले एकचोटी त्यो प्रष्ट वक्तव्य दिइसकेपछि त्यो तपांईहरुको हातमा पुर्याउने भन्ने छ । त्यसकारण बसेर माननीय सदस्यहरुले अब सहयोग गर्न म अनुरोध गर्दछु। माननीय सदस्यहरुले जो माग गर्नुभएको छ त्यो त कम्तिमा पनि माग अनुसारको सरकारलाई भन्न दिनुपर्यो र त त्यो माग पनि त पूरा गर्नुपर्यो। माननीय सदस्यहरुलाई बस्न फेरी अनुरोध गर्दछु।

माननीय सदस्यहरु, यो बजेटको अन्तिम अन्तिममा आएर निरन्तर अवरोध गर्दाखेरी त्यति राम्रो सन्देश जाँदैन त्यसकारण माननीय सदस्यहरुलाई फेरि म बस्नको लागि अनुरोध गर्दछु। माननीय सदस्यहरु, प्रतिपक्ष दलको निरन्तर अवरोध रहिरह्यो र उहाँहरूले नमानेको हुनाले यो वैठक १२बजेसम्मको लागि स्थगित हुन्छ।